ISSN: 3021-923X Print
ISSN: 3021-9248 Online








# CTEVT
# NEWS BULLETIN

२०८१ वर्षः २२ अङ्कः १

## यस अङ्कका आकर्षण

सम्पादकीय
समाचार तथा गतिविधि
महाशाखा गतिविधि
प्रदेश गतिविधि
परियोजना गतिविधि
शिक्षालयको चिनारी
सफलताको कथा

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्
सानोठिमी, भक्तपुर, फोन नं. ०१-६६३०४०८, ६६३०७६९, इमेलः research@ctevt.org.np, वेबसाइटः www.ctevt.org.np




**सल्लाहकार**

ई. महेश भट्टराई

**सम्पादक मण्डल**

श्री विनोद बडाल

श्री एकराज अधिकारी

श्री सीमा कुमारी श्रेष्ठ

**कम्प्यूटर डिजाइन**

ई. संगम गौतम

**समन्वय तथा योगदान**

श्री पूर्णभक्त डंगोल

श्री प्रविन श्रेष्ठ

श्री देवदत्त बडू

**प्रकाशक**

सूचना तथा अनुसन्धान महाशाखा

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

सानोठिमी, भक्तपुर

पो.ब.नं. ३५४६, काठमाण्डौ

फोन नं. ०१-५६३९४५१, ६६३०४०८

इमेल : research@ctevt.org.np

वेबसाइट : www.ctevt.org.np

प्रकाशन मितिः २०८१ श्रावण

# सम्पादकीय

नेपालमा आधारभूत, मध्यम तथा उच्चस्तरीय प्राविधिक जनशक्ति तयार गर्नका लागि प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्को स्थापना भएको हो । परिषद्ले प्राविधिक तथा व्यावसायिक शिक्षा र तालीम सम्बन्धी नीति निर्माण, श्रम बजारको माग अनुसारका कार्यक्रमहरू सञ्चालन, स्तर निर्धारण तथा सम्बन्धन, सीपको वर्गीकरण, परीक्षण र प्रमाणीकरण, पाठ्यक्रम निर्माण, गुणस्तर सुनिश्चितता, सरोकारवालाहरूसँग समन्वय, अध्ययन अनुसन्धान आदि कार्य गर्दै आइरहेको छ ।

परिषद् अन्तर्गत ९ वटा महाशाखा एवं अर्ध-स्वायत्त रूपमा संचालित राष्ट्रिय सीप परीक्षण समिति, प्राविधिक प्रशिक्षण प्रतिष्ठान र परीक्षा नियन्त्रण कार्यालय रहेका छन् । यसका साथै ७ वटै प्रदेशका प्रदेश कार्यालयहरू मार्फत परिषद्ले आफ्नो सेवा प्रदान गरिरहेको छ । परिषद् अन्तर्गत हाल ६६ वटा आङ्गिक शिक्षालय, ५७ वटा साझेदारी शिक्षालय, ६३९ वटा सामुदायिक विद्यालय र ४०७ वटा निजी शिक्षालय सञ्चालित छन् । त्यसैगरी छोटो अवधिको सीपमूलक तालीम सञ्चालन गर्ने संस्थाहरूको संख्या १६२१ भन्दा बढी रहेको छ ।

शैक्षिक सत्र २०८१/०८२ मा परिषद्को प्रि-डिप्लोमा र डिप्लोमा तहमा भर्ना खुलेको छ । हालसम्म परिषद्ले प्रि-डिप्लोमा तहमा ३३ वटा र डिप्लोमा/प्रमाणपत्र तहमा ४९ वटा पाठ्यक्रमहरू निर्माण गरेको छ । हालसम्म प्रि-डिप्लोमा र डिप्लोमा/प्रमाणपत्र तह उत्तीर्ण गर्ने प्रशिक्षार्थीहरूको संख्या ४ लाख भन्दा बढी रहेको छ । त्यसैगरी राष्ट्रिय सीप परीक्षण समितिबाट विभिन्न पेशा व्यवसायमा सीप परीक्षण उत्तीर्ण गर्ने कूल परीक्षार्थीहरूको संख्या ५ लाख नाघेको छ । परिषद्बाट उत्पादित जनशक्तिहरू स्वरोजगार हुनका साथै रोजगारीका लागि देश भित्रका सरकारी, गैह्रसरकारी तथा निजी क्षेत्रमा कार्यरत छन् । यसका साथै परिषद् बाट उत्पादित जनशक्तिहरुले वैदेशिक रोजगारीमा समेत अवसर प्राप्त गरेका छन् ।

नेपालको संविधानले शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सीपमूलक, रोजगारमूलक एवं जनमुखी बनाउँदै सक्षम, प्रतिस्पर्धी, नैतिक एवं राष्ट्रिय हितप्रति समर्पित जनशक्ति तयार गर्ने र शिक्षा क्षेत्रमा राज्यको लगानी अभिवृद्धि गर्दै शिक्षामा भएको निजी क्षेत्रको लगानीलाई नियमन र व्यवस्थापन गरी सेवामूलक बनाउने नीति लिएको छ । यसरी राज्यले प्राविधिक शिक्षालाई विशेष जोड दिए तापनि वार्षिक झण्डै ५ लाख युवा श्रम बजारमा प्रवेश गर्ने गरेको तर करिब १ लाख ५० हजारले मात्र प्राविधिक तथा व्यावसायिक शिक्षा र तालीम प्राप्त गर्ने गरेको पाइएको छ । यसबाट अझै पनि प्राविधिक तथा व्यावसायिक शिक्षा र तालीममा सबैको पहुँच पुग्न नसकेको हुँदा परिषद्ले आवश्यकता अनुसारका प्राविधिक तथा व्यावसायिक शिक्षा र तालीम सम्बन्धी कार्यक्रमहरूको विकास गरी प्रभावकारी ढंगले कार्यान्वयन गर्नु पर्ने देखिन्छ ।

देश संघीयतामा गएको नौ वर्ष बितिसक्दा पनि संघीय संरचना अनुसार परिषद्को ऐन नहुँदा कार्यसम्पादनमा कठिनाइ भएको छ । त्यसैगरी उद्योग व्यवसायको अर्थपूर्ण संलग्नताका लागि कानूनी स्पष्टता हुन आवश्यक देखिन्छ । गुणस्तरीय प्राविधिक तथा व्यावसायिक शिक्षा र तालीमका लागि शिक्षालयहरूको सुदृढीकरण गर्न जरुरी देखिन्छ । दक्ष प्राविधिक जनशक्तिलाई परिषद् सेवा प्रति अभिप्रेरित गर्नु पनि अर्को चुनौतीको रूपमा रहेको छ । श्रम बजारको मागलाई सम्बोधन गरी कार्यक्रमहरूको विकास तथा कार्यान्वयन र त्यस्ता कार्यक्रमहरूमा पारगम्यताको सुनिश्चितता यथाशीघ्र गर्नु पर्ने चुनौती रहेको छ । सीमित श्रोत साधनबाट अधिकतम उपलब्धि हासिल हुनेगरी कार्य सम्पादन र दिगोपनाको सुनिश्चितता गर्नु पर्ने बाध्यता परिषद् सामु रहेको छ ।

अन्तमा, प्राविधिक शिक्षा तथा व्यवसायिक तालीम परिषद्बाट सम्पादन भएका विभिन्न कार्यक्रमहरूको बारेमा सरोकारवालाहरूलाई सुसूचित गराउने उद्देश्यले त्रैमासिक सिटिइभिटी समाचार बुलेटिनको नयाँ अङ्क प्रकाशन गरिएको छ । प्राविधिक तथा व्यावसायिक शिक्षा र तालीम सम्बन्धी समाचार तथा गतिविधि, शिक्षालयको परिचय, सफलताको कथा लगायतका विषयबस्तु समेटेर तयार गरिने यस बुलेटिनलाई अझ बढी पठनीय र जानकारीमूलक बनाउन आम पाठक वर्गबाट रचनात्मक सुझाव र पृष्ठपोषणको अपेक्षा गर्दछौं । साथै प्राविधिक तथा व्यावसायिक शिक्षा र तालीम सम्बन्धी सन्देशमूलक सामग्री तथा गतिविधिहरू नियमितरूपमा उपलब्ध गराई सहयोग गरिदिनुहुन समेत हार्दिक अनुरोध गर्दछौं ।

# श्रम तथा रोजगार मेलामा परिषद्को सहभागिता

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्का गतिविधि, उपलब्धी र परिषद्का प्रकाशनहरूको बारेमा सर्वसाधारण र सरोकारवालाहरूलाई जानकारी गराउने उद्देश्यले सातवटै प्रदेशमा जानकारीमूलक प्रदर्शनी गरिएको छ। श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको आयोजनामा सातैवटा प्रदेशमा दुई दिनसम्म सञ्चालित श्रमाधान रोजगार मेलामा सिटिइभिटीको छुट्टै प्रदर्शनी स्टल राखिएको थियो । उक्त कार्यक्रममा प्रदेश स्थित सामाजिक विकास वा शिक्षा सम्बद्ध मन्त्रालय, विभिन्न परियोजना तथा विकास साझेदार संस्था, उद्योग, व्यवसायी, रोजगारदाता संघ संस्थाको उल्लेख्य सहभागिता रहेको थियो ।

श्रमाधान रोजगार मेलामा प्राविधिक तथा व्यावसायिक शिक्षा र तालीम, राष्ट्रिय व्यावसायिक योग्यता प्रणाली एवं पूर्व सिकाइको मान्यता विधिबाट सीप परीक्षण सम्बन्धी सचेतनामूलक जानकारी उपलब्ध गराईएको थियो । जसमा परिषद्का सातै वटा प्रदेश कार्यालयहरू, प्राविधिक शिक्षालयहरू, राष्ट्रिय सीप परीक्षण समिति र परिषद् अन्तर्गतका परियोजनाहरुको सहभागिता रहेको थियो । उक्त रोजगार मेलामा गण्डकी प्रदेश, सुदूरपश्चिम प्रदेश र बागमती प्रदेशमा प्राविधिक तथा व्यावसायिक शिक्षा र तालीम एवं रोजगारीको अवस्था लगायत श्रम बजारको लागि कार्यस्थलमा आधारित सिकाइ र सीप प्रमाणीकरण सम्बन्धी विविध संवाद तथा गोष्ठीमा परिषद्का निर्देशकहरुको सहभगिता रहेको थियो ।

हरेक प्रदेशमा दुई दिनसम्म सञ्चालित श्रमाधान रोजगार मेला कोशी प्रदेशको विराटनगरमा जेठ १७ र १८ गते, मधेश प्रदेशको जनकपुरमा १९ र २० गते, गण्डकी प्रदेशको पोखरामा २१ र २२ गते, लुम्बिनी प्रदेशको बुटवलमा २३ र २४ गते, कर्णाली प्रदेशको सुर्खेतमा २५ र २६ गते, सुदूरपश्चिम प्रदेशको धनगढीमा २७ र २८ गते र बागमती प्रदेशको ललितपुरमा २९ र ३० गते अयोजना गरिएको थियो ।

नेपाली नागरिकको श्रम यात्रा र रोजगारीका बहुआयामिक पहिचान र अवसरलाई एकद्वार प्रणालीबाट सम्बोधन गर्ने उद्देश्यले सातै प्रदेशमा चौध दिनसम्म श्रमाधान रोजगार मेला आयोजना गरिएको थियो । सो मेलामा परिषद्का प्रकाशनको वितरण, प्राविधिक तथा व्यावसायिक शिक्षा र तालीम सम्बन्धी जानकारी एवं जिज्ञासाको सम्बोधन गर्नुका साथै पूर्व सिकाइको मान्यता विधिबाट सीप परीक्षण सम्बन्धी जानकारी उपलब्ध गराइएको थियो ।



# सिटिइभिटी सम्बन्धी जानकारीमूलक प्रदर्शनी

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्ले विद्यार्थी, अविभावक एवं सरोकारवालाहरूलाई प्राविधिक तथा व्यावसायिक शिक्षा र तालीमको गतिविधिका बारेमा सचेतनामूलक कार्यक्रम गरेको थियो । परिषद्ले एस.ई.ई. दिएर बसेका विद्यार्थीहरुलाई लक्षित गरी प्राविधिक शिक्षा र व्यावसायिक तालीमको महत्व, अवसर र रोजगारीका विषयमा जानकारी दिने उद्देश्यले तीन दिनसम्म भृकुटीमण्डप स्थित प्रर्दशनी हलमा परिषद्को स्टल राखिएको थियो । उक्त अवसरमा उपस्थित आगन्तुकहरूका प्राविधिक तथा व्यावसायिक शिक्षा र तालीम सम्बन्धी जिज्ञासाहरू समेत सम्बोधन गरिएको थियो । परिषद्को स्टलमा दैनिक करिब ३०० जनाको सहभागिता रहेको थियो । गत जेठ १ देखि ३ गतेसम्म संचालित विद्यार्थी महोत्सव (Student Festival 2024) कार्यक्रमको आयोजना तथा संयोजन अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन (अनेरास्ववियु) ले गरेको थियो ।




# प्राविधिक तथा व्यावसायिक शिक्षा रेडियो कार्यक्रम सञ्चालन

प्राविधिक तथा व्यवसायिक शिक्षा र तालीम सम्बन्धी जानकारीमूलक सूचना सन्देशहरु आम विद्यार्थी, अविभावक र सरोकारवालालाई सुसूचित गराउने उद्देश्यले प्राविधिक तथा व्यावसायिक शिक्षा रेडियो कार्यक्रम शुरु भएको छ । प्राविधिक शिक्षा तथा व्यवसायिक तालीम परिषद् र रेडियो प्रसार सेवा विकास समिति, रेडियो नेपाल बीच "**प्राविधिक तथा व्यवसायिक शिक्षा**" रेडियो कार्यक्रम एक वर्षभरी सञ्चालन गर्न मिति २०८१ जेठ १ गते द्विपक्षीय सम्झौता भएको छ ।

मिति २०८१ जेठ १७ गते गतेदेखि शुभारम्भ भएको रेडियो कार्यक्रम २०८२ असारसम्म २६ वटा श्रृंखलामा प्रसारण हुनेछ । उक्त रेडियो कार्यक्रममा परिषद्का नियमित गतिविधि तथा समाचार, उपयोगी सूचना र जानकारीमूलक सामग्रीहरू उत्पादन तथा प्रसारण गरिन्छ । यसबाट एस.ई.ई. दिएर बसेका विद्यार्थीहरूलाई प्राविधिक शिक्षा सम्बन्धी वृत्ति परामर्श सेवा प्रदान गर्ने, परिषद्बाट उत्पादित विद्यार्थीहरूका सफलताका कथाहरू प्रसारण एवं प्राविधिक शिक्षा सम्बन्धी रिपोर्ट, अन्तर्वार्ता वा छलफल कार्यक्रम सञ्चालन गर्ने गरिएको छ ।


हरेक महिनाको पहिलो र तेस्रो बिहीबार बिहान ७:४० देखि ७:५५ बजेसम्म प्रसारण हुने यो कार्यक्रम रेडियो नेपालको मिडियम वेभका फ्रिक्वेन्सी र एफ एम ब्यान्ड ९८, १०० र १०३ मेघाहर्जमा देशैभर र रेडियो नेपालको वेबसाइट www.onlineradionepal.gov.np बाट संसारभर सुन्न सकिन्छ ।

# C-ToT for Master Trainers तालीम सञ्चालन

प्राविधिक प्रशिक्षण प्रतिष्ठान (**TITI**) ले प्रतिष्ठानमा कार्यरत एवं परिषद् अन्तर्गतका प्राविधिक प्रशिक्षकहरूका लागि ८ हप्ते बृहत प्रशिक्षक प्रशिक्षण सम्बन्धी तालीम (Comprehensive Training of Trainers for Master Trainers) कार्यक्रम शुरू गरेको छ । यो तालीममा मुख्यतः Training of Trainers अन्तर्गत Skills, Knowledge, Visualization र Assessment गरी चारवटा क्षेत्रका विषयवस्तु समेटिएको छ । यो तालीम सफलतापूर्वक सम्पन्न गर्ने सहभागीले प्राविधिक तथा व्यावसायिक शिक्षा र तालीमको गुणस्तर सुधार गर्न सहयोग गर्नेछन् ।

२०८१ असार २४ गते देखि प्रारम्भ भएको यस तालीममा अन्तर्राष्ट्रिय शिक्षाविद् डा. रुडल्फ बट्लिनर प्रमुख स्रोत व्यक्तिको रूपमा रहनु भएको छ । भर्चुअल माध्यमबाट उद्घाटन भएको तालीम कार्यक्रममा प्रमुख स्रोत व्यक्ति एवं अन्तराष्ट्रिय तालीम विज्ञ डा. बट्लिनरले प्रशिक्षार्थीहरूलाई तालीममा पूर्ण रुपमा सहभागी भएर तालीमको उद्देश्य प्राप्त गर्न अधिकतम मेहनत गर्न अनुरोध गर्नुभयो । उहाँले नेपालको प्राविधिक तथा व्यावसायिक शिक्षा र तालीमको गुणस्तर सुनिश्चितताको लागि यो तालीम कोशेढुङ्गा सावित हुने बताउनु भयो । उद्घाटन कार्यक्रममा प्रतिष्ठानका कार्यकारी निर्देशक डा. अनोज भट्टराईले प्रतिष्ठानले प्रदान गर्ने प्रशिक्षण सेवालाई प्रदेश र स्थानीय तहसम्म अझ प्रभावकारी रुपमा विस्तार गरी प्रशिक्षक दक्षता मापदण्ड कार्यान्वयन गर्न र प्रशिक्षण पेशालाई सम्मानित, उत्कृष्ट र प्रभावकारी बनाउन यस प्रकारको तालीम कार्यक्रम आयोजना गरिएको बताउनु भयो । उहाँले राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा परिषद् र प्रतिष्ठानको छविलाई उच्च बनाउन यस किसिमको तालीमले सहयोग पुग्ने विश्वास व्यक्त गर्नु भयो ।

प्राविधिक प्रशिक्षण प्रतिष्ठानमा कार्यरत ट्रेनरहरूको क्षमता विकास कार्यक्रम अन्तर्गत सञ्चालित यस कार्यक्रमको पहिलो ३ हप्ता अनलाईन माध्यमबाट, चौथो र पाँचौं हप्ता प्रतिष्ठानमा प्रत्यक्ष उपस्थित भएर प्रशिक्षक प्रशिक्षण सम्बन्धी ज्ञान र सीप प्रदान गरिनेछ भने अन्तिममा तालीमका सहभागीहरू स्वयंले प्रतिष्ठानको संयोजनमा प्रदेश तथा स्थानीय स्तरमा हुने ३ हप्ते प्रशिक्षण सम्बन्धी तालीम सञ्चालन गर्नुपर्नेछ। यी सबै कार्यक्रमहरू तालीम शुरू भएको मितिले नौ महिना भित्र सम्पन्न गरिसक्नु पर्नेछ। यी तीनै चरणका कार्यक्रम सफलतापूर्वक सम्पन्न गर्ने सहभागीले ८ हप्ताको बृहत प्रशिक्षक प्रशिक्षण तालीमको प्रमाणपत्र प्राप्त गर्नेछन् । उक्त तालीम कार्यक्रममा प्रतिष्ठानका ट्रेनर सहित परिषद् प्रदेश कार्यालयहरूबाट छानिएका २० जना प्राविधिक प्रशिक्षकहरूको सहभागिता रहेको छ ।



# प्रशासन महाशाखा

## परिषद् सेवामा स्थायी पदपूर्तिका लागि सूचना प्रकाशन

प्राविधिक शिक्षा तथा व्यवसायिक तालीम परिषद् अन्तर्गतका कार्यालय तथा शिक्षालयहरूमा रिक्त रहेका विभिन्न पदहरुमा स्थायी पदपूर्तिका लागि परिषद्को कर्मचारी सेवा, शर्त तथा सुविधा सम्बन्धी विनियमावली, २०६९ (छैठौं संशोधन) बमोजिम खुल्ला तथा आन्तरिक प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्ति गर्न सार्वजनिक सूचना प्रकाशन भएको छ। प्रकाशित सूचना अनुसार अधिकृतस्तर प्रथम श्रेणी प्रशासनमा ३ जना र प्राविधिकमा ८ जना, अधिकृतस्तर द्वितीय श्रेणी प्रशासनमा १ जना र प्राविधिकमा २० जना, अधिकृतस्तर तृतीय श्रेणी प्रशासनमा ९ जना र प्राविधिक प्रशिक्षण तर्फ ५७ जनाको लागि खुल्ला, समावेशी र आन्तरिक बढुवा पदपूर्ति हुने भएको छ। त्यसैगरी सहायकस्तर प्रथम प्राविधिकमा ३९ जना र प्रशासनमा ४५ जना, सहायकस्तर द्वितीय प्राविधिकमा २८ जना र प्रशासनमा १६ जना गरी कूल २२६ जनाको स्थायी पदपूर्ति हुनेछ।

परिषद्को विनियमावलीले तोकेको योग्यता पुगेका उम्मेद्वारहरूबाट २०८१ श्रावण १७ गतेसम्म नियमित शुल्कमा र दोब्बर दस्तुर तिरी २०८१ श्रावण २४ गतेभित्र अनलाइन आवेदन फाराम भर्न सकिनेछ। इच्छुक उम्मेद्वारहरूले तोकेको शर्तहरू सहित परिषद्को वेबसाइट www.ctevt.org.np मा रहेको Job Application Portal वा www.jobs.ctevt.org.np मा गई अनलाइन प्रणालीबाट दरखास्त फाराम पेश गर्नु पर्नेछ।

# पाठ्यक्रम विकास तथा समकक्षता निर्धारण महाशाखा

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्को पाठ्यक्रम विकास तथा समकक्षता निर्धारण महाशाखाले राष्ट्रिय व्यावसयिक योग्यता प्रारूप अनुरुप हुने गरी औद्योगिक प्रशिक्षार्थी (अप्रेन्टिसिप) कार्यक्रममा हस्पिटालिटी म्यानेजमेन्टको पाठ्यक्रम निर्माण गरेको छ। सो पाठ्यक्रमको लागि गत जेठ १५ देखि १९ गतेसम्म धुलिखेलमा ५ दिने कार्यशाला आयोजना गरिएको थियो। परिषद् पाठ्यक्रम विकास तथा समकक्षता निर्धारण महाशाखाले आयोजना गरेको उक्त कार्यशालामा काठमाण्डौं विश्वविद्यालय, हस्पिटालिटिको विधागत सीप समिति (Sector Skill Committee), होटेल एसोसिएसनका प्रतिनिधि, उद्यमी, हस्पिटालिटी म्यानेजमेन्ट विज्ञ, परिषद् पाठ्यक्रम विकास महाशाखाका सहजकर्ता, कर्मचारी तथा परिषद् अन्तर्गतका परियोजनाका प्रतिनिधिहरू सहित १९ जनाको उपस्थिति रहेको थियो।

महाशाखाका निर्देशक भुवनेश्वर ढुङ्गानाले कार्यशालाको उद्घाटन मन्तव्यमा कार्यशालाको उद्देश्य सहित निर्माण हुन लागेको पाठ्यक्रमले पार्ने प्रभावका बारेमा स्पष्ट पार्नुभएको थियो। यस पाठ्यक्रमले विद्यमान प्रि-डिप्लोमा तहबाट डिप्लोमा तहमा जाँदा ३ वर्ष थप अध्ययन गर्नुपर्ने व्यवस्थामा सुधार गरी प्राविधिक र व्यावसायिक धारलाई थप आकर्षक बनाउने विचार उहाँले व्यक्त गर्नुभयो।

नेपाल सरकारले २०७७ वैशाख २१ गते राष्ट्रिय योग्यता प्रारूप स्वीकृत गरेको थियो। सो प्रारूपका आधारमा इच्छुक व्यक्तिले चाहेको धार र तहको माथिल्लो योग्यता हासिल गर्न सक्नेछ। प्राविधिक तथा व्यावसायिक शिक्षा र तालीमबाट साधारण शिक्षा वा साधारण शिक्षाबाट प्राविधिक तथा व्यावसायिक शिक्षा र तालीममा ठाडो वा छड्के प्रवेशको व्यवस्था अर्थात पारगम्यता (Permeability) कार्यान्वयन गर्न मद्दत गर्दछ।

पारगम्यता प्रणालीलाई कार्यान्वयन गर्नका लागि हस्पिटालिटी म्यानेजम्यान्टको पाठ्यक्रम निर्माण गरी नमूना परीक्षण गर्ने र अन्य विधा र क्षेत्रहरूमा पनि यसलाई क्रमशः कार्यान्वयन गर्ने योजना परिषद्को रहेको छ। उक्त कार्यशालामा बेकरी, बारिष्टा, कुकरी, फुड एन्ड बेभरेज, हाउस किपिङ्ग र वेटरको राष्ट्रिय प्रमाणिकाका आधारमा सम्बन्धित विषय विज्ञहरूले पाठ्यक्रम विकास गर्नुभएको थियो। पाठ्यक्रम निर्माण कार्यको संयोजन तथा सहजीकरण परिषद् पाठ्यक्रम विकास महाशाखाले गरेको थियो भने कार्यक्रमको आर्थिक तथा प्राविधिक सहयोग परिषद् अन्तर्गत क्रियाशील नेपाल व्यावसायिक योग्यता प्रणाली परियोजना, इन्स्योर परियोजना र क्वालिटी परियोजनाले संयुक्त रूपमा गरेका थिए।

यसैगरी महाशाखाले हस्पिटालिटी क्षेत्र अन्तर्गत १६९६ घण्टाको फुड एण्ड डेरी बेभरेज एसोसियट, रेफ एण्ड एसी टेक्निसियन र गारमेन्ट फेब्रिकेटरको प्रोफेसनल पाठ्यक्रम निर्माण गरेको छ। यी पाठ्यक्रमहरु परिषद्को तालीम विकास महाशाखा अन्तर्गत रहेको इन्स्योर परियोजनाको सहयोगमा निर्माण गरिएको महाशाखाले जनाएको छ।

# परीक्षा नियन्त्रण कार्यालय

## शैक्षिक सत्र २०८१/८२ का लागि भर्ना आह्वान

प्राविधिक शिक्षा तथा व्यवसायिक तालीम परिषद्, परीक्षा नियन्त्रण कार्यालयले शैक्षिक सत्र २०८१/८२ का लागि प्रि-डिप्लोमा तथा डिप्लोमा/प्रमाणपत्र तहका विभिन्न कार्यक्रमहरुमा मिति २०८१।०३।१५ गते भर्ना आह्वान गरेको छ। पूर्ण शुल्कीय कार्यक्रममा अध्ययन गर्न चाहने विद्यार्थीले आफूले रोजेको प्राविधिक शिक्षालयमा गएर फाराम भर्नु पर्नेछ भने वर्गीकृत निःशुल्क छात्रवृत्तिका लागि घरमै बसेर सिटिइभिटीको वेबसाइट www.ctevt.org.np वा परीक्षा नियन्त्रण कार्यालयको वेबसाइट www.ctevtexam.org.np बाट अनलाइन फाराम भर्न सकिने छ।

परिषद्ले प्राविधिक शिक्षाका कार्यक्रमहरूमा वर्गीकृत निःशुल्क छात्रवृत्ति, जेहेन्दार छात्रवृत्ति र विशेष छात्रवृत्ति प्रदान गर्दछ। यस वर्ष सिटिइभिटीले प्रि-डिप्लोमा तथा डिप्लोमा/प्रमाणपत्र तहमा गरेर झण्डै साढे ५ हजार विद्यार्थीहरुलाई वर्गीकृत निःशुल्क छात्रवृत्तिको सूचना प्रकाशन गरेको छ। वर्गीकृत निःशुल्क छात्रवृत्तिमा महिला, आदिवासी जनजाति, मधेशी, दलित, पिछडिएको क्षेत्र, द्वन्द पीडित, अपाङ्ग लगायतका विद्यार्थीहरूका लागि लक्षित कोटा निर्धारण गरिएको छात्रवृत्ति हो। यो छात्रवृत्तिका लागि सञ्चालित प्रवेश परीक्षाबाट छनोट भएका प्रशिक्षार्थीले कार्यक्रम अवधिभर निःशुल्क अध्ययन गर्न पाउँछन्। सिटिइभिटीका सबै शिक्षालयहरूमा सञ्चालित कार्यक्रमका लागि तोकिएको कोटाको १० प्रतिशतको संख्यामा वर्गीकृत निःशुल्क छात्रवृत्ति कोटा छुट्याइएको हुन्छ। यो छात्रवृत्तिका लागि सरकारी वा सामुदायिक विद्यालयबाट एस.ई.ई. उत्तीर्ण गरेका विद्यार्थीहरूले मात्र आवेदन दिन सक्नेछन्। त्यसैगरी हरेक शिक्षालयमा सञ्चालित प्रत्येक कार्यक्रमको पूर्ण शुल्क तर्फको प्रवेश परीक्षामा सबैभन्दा उच्चतम अङ्क प्राप्त गर्ने एक जना उत्कृष्ट विद्यार्थीलाई जेहेन्दार छात्रवृत्ति प्रदान गरिन्छ।

डिप्लोमा तहको छात्रवृत्तिका लागि प्रवेश परीक्षा शुल्क रु. १,००० र पूर्ण शुल्कका लागि रु. १,५०० तोकिएको छ। प्रि-डिप्लोमा तहका लागि रु. ५०० शुल्क लाग्छ। वर्गिकृत निःशुल्क छात्रवृत्तिको प्रवेश परीक्षा २०८१ श्रावण १२ गते र पूर्ण शुल्क तर्फको प्रवेश परीक्षा २०८१ श्रावण १९ गते हुनेछ। विस्तृत जानकारीका लागि सिटिइभिटीको वेबसाइट www.ctevt.org.np वा www.ctevtexam.org.np मा प्रकाशित सूचना हेर्न तथा नजिकको प्राविधिक शिक्षालयमा सम्पर्क राख्न सकिने छ।

# राष्ट्रिय सीप परीक्षण समिति

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, प्रदेश कार्यालय र राष्ट्रिय सीप परीक्षण समितिबाट सातै प्रदेशका सामाजिक विकास तथा शिक्षा सम्बद्ध मन्त्रालयको सहयोगमा विभिन्न माध्यमबाट सीप हासिल गरी विभिन्न १० पेशामा कार्यरत २,७४२ जना व्यक्तिहरूको पूर्व सिकाइको मान्यता (Recognition of Prior Learning - RPL) विधिबाट सीप परीक्षण सम्पन्न भएको छ। वैदेशिक रोजगारीबाट फर्किएका, देश भित्रै रोजगारीमा रहेका, वैदेशिक रोजगारीमा जान चाहने तथा जुन सुकै माध्यमबाट ज्ञान तथा सीप आर्जन गरी अनुभव प्राप्त गरेका इच्छुक व्यक्तिहरूले सीप परीक्षणका लागि सातै प्रदेशमा पूरै वा आंशिक इकाइमा कम्प्युटर हार्डवेयर तथा नेटवर्क टेक्निसियन तह-२, वेल्डर तह-२ बिल्डिङ पेन्टर तह-२, कन्स्ट्रक्सन मेसन तह-२, प्लम्बर तह-२, मोटरसाइकल मेकानिक तह-२, रेफ्रिजरेसन ए.सी. मेकानिक तह-२, मोबाइल फोन रिपेयर टेक्निसियन तह-२, गार्मेन्ट फेब्रिकेटर तह-१ र टाइल मार्बल फिक्सर तह-१ लगायतका पेशाहरूको सीप परीक्षण सम्पन्न भयो। हातमा सीप भएर पनि सीप परीक्षणको प्रक्रिया र मापदण्डका बारेमा थाहा नपाएका सीपयुक्त व्यक्तिहरूलाई सीप परीक्षणमा आबद्ध हुनको लागि आवेदन प्रक्रिया देखि नै नेपाल व्यावसायिक योग्यता प्रणाली परियोजनाले सहजीकरण गरेको छ। आवेदकहरूलाई RPL परामर्शकर्ताहरूको माध्यमबाट सामूहिक र व्यक्तिगत परामर्श सेवा प्रदान गरिएको थियो। परामर्श प्रक्रियामा राष्ट्रिय सीप प्रमाणिकाले निर्धारण गरेका कार्यहरूको आधारमा थप सिक्नुपर्ने सीपका बारेमा जानकारी दिइने हुँदा पूर्व सिकाइ तथा अनुभवका आधारमा सीप परीक्षण गर्ने उम्मेद्वारहरूलाई सीप परीक्षणमा सहज वातावरण बनाउने गरेको आवेदकहरूले बताएका छन्।

त्यसैगरी राष्ट्रिय सीप परीक्षण समितिमा चौथौ त्रैमासिकभित्र जम्मा ६४०१ जनाले सीप परीक्षणका लागि आवेदन दिएका छन्। पूर्व सिकाइको मान्यता (RPL) विधिबाट सातै प्रदेशका ८२ जनालाई सीप परीक्षण मूल्याङ्कनकर्ता तालिम (Skill Test Assessor Training) प्रदान गरिएको छ। कोशी, मधेश, बागमती र सुदूरपश्चिम प्रदेशका ६० जनाले RPL Counsellor Training सम्पन्न गरेका छन्।

# प्राविधिक प्रशिक्षण प्रतिष्ठान (TITI)

प्राविधिक प्रशिक्षण प्रतिष्ठान (**TITI**) ले आ.व. २०८०/८१ को चौथौ त्रैमासिकमा प्रशिक्षण, व्यवस्थापन, सामुदायिक विकास तथा पेशागत सीप अभिवृद्धि (Occupational Skill Upgrading-OSU) र इ-लर्निङ्ग क्षेत्रमा जम्मा ४२६ जना पुरुष र २३१ जना महिला सहित ६५७ जनालाई विविध विषयमा तालीम कार्यक्रम सञ्चालन गऱ्यो । प्रशिक्षण कार्यक्रम अन्तर्गत Training of Trainers (ToT), Training of Trainers (ToT) for Effective Instruction, Educational Counsellor Training (ECT) र Skill Development Training for Academics, Instructional Skills for TVET Instructors / In–Company Trainers Training सञ्चालन भएको थियो । त्यसैगरी व्यवस्थापन कार्यक्रम अन्तर्गत Professional Development Training, Basic Management Training र Skill Test Assessors Training सञ्चालन भएको थियो । पेशागत सीप अभिवृद्धि (OSU) कार्यक्रम अन्तर्गत Basic Library Management, Hospital, Clinical and Community Pharmacy र CTEVT Examination System सञ्चालन भएको थियो भने इ-लर्निङ्ग कार्यक्रम अन्तर्गत Computerized Accounting System Training सञ्चालन भएको थियो ।

प्रतिष्ठानद्वारा सञ्चालित तालीम कार्यक्रमहरू मध्ये प्रशिक्षण सीप अन्तर्गत २१ वटा इभेन्ट मार्फत २४४ जना पुरुष र १७३ जना महिला गरी ४१७ जनालाई तालीम सञ्चालन गरियो भने ९ वटा इभेन्टमा १३७ जना पुरुष र ४८ जना महिलालाई व्यवस्थापन सीप अन्तर्गत विविध तालीम प्रदान गरियो । त्यसैगरी सामुदायिक विकास तथा पेशागत सीप अभिवृद्धि अन्तर्गत ३ वटा इभेन्टमा ११ जना पुरुष र ३ जना महिला गरी १४ जनाले तालीम प्राप्त गरेका थिए भने इ-लर्निङ्ग अन्तर्गत दुईवटा इभेन्टमा ७ जना महिला सहित ४१ जनालाई दुई हप्ते तालीम प्रदान गरिएको थियो ।




## अनुरोध

सिटिइभिटी समाचार बुलेटिन वर्ष १९ अङ्क १ देखि सफलताको कथा र शिक्षालय परिचय सम्बन्धी नियमित स्तम्भ प्रकाशन हुँदै आएकोले परिषद्‌बाट सञ्चालित प्राविधिक तथा व्यावसायिक शिक्षा र तालीम कार्यक्रमबाट प्रशिक्षित भई अरूलाई प्रेरणा दिने खालका सफलताका कथाहरू र प्राविधिक शिक्षालयको संक्षिप्त परिचय झल्कने लेख तथा फोटाहरू सूचना तथा अनुसन्धान महाशाखाको इमेल ठेगाना research@ctevt.org.np मा उपलब्ध गराई दिनुहुन हार्दिक अनुरोध गर्दछौं । - सम्पादक मण्डल

# परिषद् कोशी प्रदेश कार्यालय

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् अन्तर्गत पूर्व क्षेत्र क्षेत्रीय कार्यालयको रूपमा वि.स. २०६९ सालमा परिषद्को सेवा विस्तार भई इटहरी, सुनसरीमा स्थापना भएको कार्यालयलाई संघीयताको मर्म र भावना अनुसार २०७५ माघदेखि कोशी प्रदेशको परिषद् कार्यालयको रुपमा सञ्चालन भइरहेको छ । यस कार्यालयले प्रचलित ऐन, कानुन र विनियमावली अनुसार आफ्नो नियमित कार्यहरु सम्पादन गर्दै आएको छ । आ.व. २०८०/८१ को चौथो त्रैमासिकमा यस कार्यालयबाट सम्पादन भएका मुख्य कार्यहरुको संक्षिप्त विवरण यस प्रकार रहेको छ ।

## गोष्ठी तथा छलफल कार्यक्रम

- २०८१ वैशाख २१ गते कोशी प्रदेश कार्यालय, इटहरी सुनसरीको आयोजनामा परिषद् कोशी प्रदेशका का.मु. निर्देशक सञ्जय कुमार न्यौपानेको अध्यक्षतामा कोशी प्रदेश सामाजिक विकास मन्त्रालयबाट महाशाखा प्रमुख, प्राविधिक शिक्षा शाखा र आर्थिक प्रशासन शाखाका कर्मचारीहरु र ७ वटा आंगिक शिक्षालयका शिक्षालय प्रमुख लगायत प्रदेशका कर्मचारीहरु समेतको उपस्थितिमा प्राविधिक शिक्षाको भावी योजना तथा कार्यक्रम र प्रगतिको समीक्षा कार्यक्रम सम्पन्न ।
- कोशी प्रदेश सामाजिक विकास मन्त्रालयको आयोजनामा प्राविधिक तथा व्यावसायिक शिक्षा र तालीमका कार्यक्रमहरु सञ्चालन तथा व्यवस्थापनका सम्बन्धमा स्थानीय सरकार र प्रदेश सरकारको भूमिका विषयमा मिति २०८१/०१/२३ गते NVQS परियोजना अन्तर्गत १८ वटा स्थानीय तहका नगर प्रमुख/गाउँपालिका अध्यक्ष तथा शिक्षा शाखा प्रमुखहरुसँग छलफल सम्पन्न ।
- २०८१ जेष्ठ २ गते कोशी प्रदेश कार्यालय, इटहरी सुनसरी र साझेदारीमा संचालित शिक्षण संस्थाहरुको संयुक्त आयोजनामा कोशी प्रदेश सामाजिक विकास मन्त्रालयका सचिव लक्ष्मी प्रसाद भट्टराईको प्रमुख आतिथ्यमा २५ जना साझेदार शिक्षण संस्थाका प्रतिनिधिहरुको सहभागितामा प्राविधिक शिक्षाको भावी योजना र प्रगति समीक्षा कार्यक्रम सम्पन्न ।
- २०८१ असार १४ गते कोशी प्रदेश, सामाजिक विकास मन्त्रालयका सचिवज्यूको अध्यक्षतामा क्वालिटी परियोजना अन्तर्गत छनोट भएका शिक्षालयहरूको स्तर निर्धारण सम्बन्धी क्षमता अभिवृद्धि कार्यक्रम सम्पन्न ।

## परीक्षा सञ्चालन, नियमन तथा अनुगमन

- परिषद् परीक्षा नियन्त्रण कार्यालयको परीक्षा कार्य तालिका अनुसार २०८१ चैत्र, बैशाखमा डिप्लोमा प्रमाणपत्र तहको कृषि, इन्जिनियरिङ्ग (पहिलो र तेस्रो सेमेष्टर) र प्रि-डिप्लोमा (आंशिक) तर्फको परीक्षा कोशी प्रदेशका २३ वटा परीक्षा केन्द्रमा र मिति २०८१ जेष्ठ, आषाढमा डिप्लोमा प्रमाणपत्र तहको पाँचौ सेमेष्टरको परीक्षा कोशी प्रदेशमा १७ वटा परीक्षा केन्द्रमा सम्पन्न ।
- २०७६ र २०७७ सालका डिप्लोमा र प्रि-डिप्लोमा तहको परीक्षा सम्बन्धी प्रारम्भिक श्रोत अभिलेख धुल्याउने कार्य सम्पन्न ।
- परीक्षालाई व्यवस्थित र मर्यादित बनाउन झापा, मोरङ्ग, सुनसरी, इलाम, तेह्रथुमको विभिन्न परीक्षा केन्द्रहरुको परीक्षा अनुगमन ।



## सीप परीक्षण तथा मूल्याङ्कनकर्ता तालीम सञ्चालन

- सीप परीक्षण अन्तर्गत आ.व. २०८०/८१ मा सामाजिक विकास मन्त्रालय कोशी प्रदेश, राष्ट्रिय सीप परीक्षण समिति र प्राविधिक शिक्षा तथा व्यावसायीक तालीम परिषद्, कोशी प्रदेश कार्यालयबीच पूर्व सिकाइको मान्यता (Recognition of Prior Learning - RPL) विधि मार्फत ३१५ जनाको सीप परीक्षणको सम्झौता भएकोमा २६७ जनालाई परामर्श प्रदान गरिएकोमा २१८ जना सीप परीक्षणमा सहभागी । उक्त कार्यक्रमको लागि कोशी प्रदेश सामाजिक विकास मन्त्रालयबाट रु. २७,२६,९७५ बजेट विनियोजन भएको ।
- परिषद् कोशी प्रदेश कार्यालयको समन्वयमा प्राविधिक प्रशिक्षण प्रतिष्ठान, भक्तपुरबाट Skills Test Assessor Training कार्यक्रम सम्पन्न ।

## तालीम प्रदायक संस्था सम्बन्धनका लागि सिफारिस

- आ.व. २०८०/८१ मा छोटो अवधिको सीपमूलक तालीम कार्यक्रम अन्तर्गत ३६ वटा संस्थाहरुको सम्बन्धन स्वीकृतिका लागि सिफारीस ।



# परिषद् बागमती प्रदेश कार्यालय

१. आंगिक शिक्षालयहरूको सबलीकरण तथा सीप परीक्षण केन्द्र स्तरोन्नतिका लागि परिषद्का ६ वटा शिक्षालयहरूलाई सामाजिक विकास मन्त्रालय मार्फत प्राप्त अनुदानबाट निम्न कार्यहरू सम्पादन गरिएको छ ।

- बालाजु स्कुल अफ इन्जिनियरिङ्ग एण्ड टेक्नोलोजी, बालाजुमा सीप परीक्षण केन्द्र स्तरोन्नतिका लागि प्रयोगशालामा मेसिन उपकरण जडान ।
- शंखरापुर बहुप्राविधिक शिक्षालय, साँखुमा वर्कसप निर्माण र मेसिन उपकरण जडान ।
- नेपाल बनेपा बहुप्राविधिक शिक्षालय, बनेपामा वर्कसप निर्माण तथा गार्ड हाउस निर्माण ।
- धादिङ्ग बहुप्राविधिक शिक्षालय, गजुरीमा माछा पोखरी निर्माण तथा खोर मर्मत सम्भार ।
- नेपाल भारत बहुप्राविधिक शिक्षालय, हेटौंडामा मिलिङ मेसिन खरिद तथा जडान र पुस्तकालय स्तरोन्नति ।
- स्कुल अफ हेल्थ साइन्स, भरतपुरमा छात्राबास मर्मत संभार ।

२. पूर्व सिकाइको मान्यता विधिबाट सीप परीक्षणको लागि राष्ट्रिय सीप परीक्षण समिति, सामाजिक विकास मन्त्रालय र परिषद्, बागमती प्रदेश कार्यालय बीच त्रिपक्षीय सम्झौता सम्पन्न । सम्झौता बमोजिम नौ वटा विभिन्न पेशा, व्यवसायमा ५३७ जनालाई परामर्श (counseling) र ४०३ जनाको सीप परीक्षण सम्पन्न ।

३. बागमती प्रदेश सामाजिक विकास मन्त्रालयको आर्थिक सहयोगमा ३९० घण्टा (६५ कार्य दिन) को छोटो अवधिको २० जनाको समूहमा ३४० जनालाई १७ वटा प्याकेजमा परिषद्का आंगिक शिक्षालयहरू मार्फत तालीम सञ्चालन एवं सीप परीक्षण सम्पन्न ।

४. २०८१ जेष्ठ २९ र ३० गते आयोजित श्रमाधान रोजगार मेलामा परिषद्को स्टल राखी परामर्श सेवा प्रदान गरिएको, सो कार्यक्रममा परिषद् अन्तर्गतका प्राविधिक शिक्षालयहरूको उल्लेख्य सहभागिता ।

# परिषद् लुम्बिनी प्रदेश कार्यालय

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् अन्तर्गत लुम्बिनी प्रदेश कार्यालयले आर्थिक वर्ष २०८०।०८१ को स्वीकृत बजेट कार्यक्रम अन्तर्गत चौथो त्रैमासिक अवधिसम्म सम्पादन गरेका मुख्य कार्यहरु देहाय बमोजिम रहेका छन् ।

- परिषद्, परीक्षा नियन्त्रण कार्यालयको वार्षिक तथा सेमेष्टर प्रणालीको परीक्षा संचालन ।
- परिषद् स्तर निर्धारण महाशाखाबाट छोटो अवधिको तालीम कार्यक्रम अन्तर्गत २१ वटा संस्थाहरुलाई सम्बन्धन स्वीकृतिको लागि सिफारिस ।
- प्रदेश भित्रका आंगिक शिक्षालयहरुको लागि सेवा करारमा प्रशिक्षक २८ जना, सहायक प्रशिक्षक १२ जना र प्रशिक्षण सहायक ३ जनाको पदपूर्ति कार्य सम्पन्न ।
- प्रदेश अन्तर्गतका ११ वटा आङ्गिक शिक्षालय, ६ वटा साझेदारीमा सञ्चालित शिक्षालय, ८५ वटा सामुदायिक विद्यालय (टेक्स) र ७५ वटा सम्बन्धन प्राप्त निजी शिक्षालयहरुको नियमित अनुगमन तथा सुपरीवेक्षण सम्पन्न ।
- लुम्बिनी प्रदेश सामाजिक विकास मन्त्रालयसँगको समन्वय र सहकार्यमा छोटो अवधिको सीपमूलक तालीमको संचालन गरी बेमौसमी तरकारी खेतीमा १३९ जना, ग्रामीण पशु स्वास्थ्य कार्यकर्तामा ४० जना, पोल्ट्री टेक्निसियनमा ४० जना, जुनियर कम्प्युटर हार्डवेयर टेक्निसियनमा ४० जना, च्याउ उत्पादकमा २० जना, प्लम्बरमा २०, बिल्डिङ्ग इलेक्ट्रिसियनमा ५७ जना, रेफ एण्ड एसी मेकानिकमा २० र आर्क वेल्डरमा २० जना गरी कुल ३९६ जनाको सीप परीक्षण सम्पन्न ।
- वैदेशिक रोजगारीबाट फर्किएका, देश भित्रै रोजगारीमा रहेका, वैदेशिक रोजगारीमा जान चाहने तथा जुनसुकै माध्यमबाट ज्ञान तथा सीप आर्जन गरी अनुभव प्राप्त गरेका इच्छुक व्यक्तिहरुका लागि लुम्बिनी प्रदेश सामाजिक विकास मन्त्रालय, परिषद्, लुम्बिनी प्रदेश कार्यालय र NVQS परियोजनासँग त्रिपक्षीय सम्झौता भई विभिन्न व्यवसायमा ४०५ जनालाई पूर्व सिकाइको मान्यता (RPL) विधिबाट तह दुईको सीप परीक्षण कार्य सम्पन्न जसमध्ये कन्स्ट्रक्सन मेसनमा १३५ जना, प्लम्बरमा ६५ जना, वेल्डरमा १२ जना, बिल्डिङ पेन्टरमा ३५ जना, टायल मार्वल फिटरमा १२ जना र गार्मेन्ट फेब्रीकेटरमा १४६ जनाको सहभागिता ।
- कर्मचारीहरुको व्यक्तिगत र संस्थागत क्षमता विकास गरी अपेक्षित नतिजा सहित कार्य सम्पादनका लागि प्राविधिक प्रशिक्षण प्रतिष्ठानसँगको समन्वयमा सेवा प्रवेश र सेवाकालीन तालीम संचालन ।
- आन्तरिक रोजगारी प्रबर्द्धन र वैदेशिक रोजगारीलाई सुरक्षित बनाउने, श्रम र रोजगारको क्षेत्रमा रहेका बहुआयामिक समस्याहरुलाई एकद्वार प्रणालीबाट सम्बोधन गर्दै रोजगारीको लागि अनुकुल वातावरण सृजना गर्ने उद्देश्यले बुटवलमा संचालित श्रमाधान रोजगार मेलामा ७०० भन्दा बढीलाई प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, प्रदेश कार्यालय र परिषद् अन्तर्गतका आंगिक शिक्षालयका क्रियाकलापहरुको जानकारी प्रदान ।



# प्रशिक्षार्थीले बनाए फोहोर व्यवस्थापन गर्ने मेसिन

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्को आङ्गिक शिक्षालय कोरिया नेपाल बहुप्राविधिक शिक्षालय, तामनगर, बुटबलमा उद्यमशीलता विकासका लागि प्रयोगात्मक अभ्यास मार्फत वस्तु र सेवा उत्पादन गर्न स्थापित उत्पादन इकाइद्वारा निर्मित स्वचालित गार्वेज कम्प्याक्टर मेसिन बिक्री गरिएको छ । शिक्षालयमा सञ्चालित डिप्लोमा इन मेकानिकल इन्जिनियरिङ कार्यक्रममा शैक्षिक सत्र २०७८/७९ मा भर्ना भएका ११ जना विद्यार्थीले पाँचौं र छैठौं सेमेष्टरमा रहेको प्रोजेक्ट कार्य अन्तर्गत नकुहिने फोहोरको आयतन घटाउने मेसिन बनाएका थिए ।




अर्घाखाचीको सन्धिखर्क र स्याङ्जाको पुतलीबजार नगरपालिकाले आफ्नो वार्षिक नीति तथा कार्यक्रममा रहेको फोहरमैला व्यवस्थापन कार्यक्रम कार्यान्वयनको लागि शिक्षालयसँग एक एकवटा त्यस्ता मेसिन खरिद गरेका छन् । शिक्षालयमा मेकानिकल इन्जिनियरिङ विभागमा डिप्लोमा तहमा अध्ययन गरेका ११ जना विद्यार्थी र प्रशिक्षकहरुले १५ दिनमा सो मेसिन निर्माण गरेका थिए । शिक्षालयमा आयोजित एक कार्यक्रमका बीच प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्का सदस्य-सचिव ई. महेश भट्टराईले एउटा मेसिन सन्धिखर्क नगरपालिकाका अध्यक्ष कृष्ण प्रसाद श्रेष्ठलाई हस्तान्तरण गर्नुभएको थियो । साथै अर्को मेसिन पुतलीबजार नगरपालिका, स्याङ्जाको फोहरमैला प्रशोधन केन्द्रमा जडान गरिएको छ ।

# शिक्षालयको तालीमले कोरियामा रोजगारी

कोरिया नेपाल बहुप्राविधिक शिक्षालय, बुटवल, तामनगर, रुपन्देहीमा दुई महिना वेल्डिङको तालीम सिकेर दक्षिण कोरियामा रुट इन्डष्ट्रीको वेल्डिङ क्षेत्रतर्फ कामदार छनौट गर्ने प्रयोजनको लागि नेपाल सरकार, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार विभाग, ई.पी.एस. (EPS) कोरिया शाखाले प्रक्रिया शुरु गरेको छ । अघिल्लो वर्ष नमुनाको रुपमा सञ्चालित यो कार्यक्रममा सहभागी सबै ३० जना प्रशिक्षार्थीहरु दक्षिण कोरिया सरकारको मापदण्ड बमोजिमको सीप र भाषा परीक्षा उत्तीर्ण भई रोजगारीको लागि दक्षिण कोरिया गईसकेका छन् । हाल उनीहरूले कोरियाका विभिन्न उद्योगहरुमा रोजगारी गरेर राम्रो आम्दानी गरिरहेका छन् । यो वर्ष कोरिया नेपाल बहुप्राविधिक शिक्षालय र ई.पी.एस. कोरिया शाखाबीच ५० जना नेपाली युवालाई सो तालीम दिलाउने गरी सम्झौता भएको छ ।

गणतन्त्र कोरियाले विभिन्न देशबाट रुट इन्डष्ट्रीको क्षेत्रमा सीपयुक्त प्राविधिक जनशक्ती लैजाने गर्दछ । नेपालमा सन् २०२३ देखि वेल्डिङको क्षेत्रमा यसरी कामदार लैजान शुरु गरिएको हो । शिक्षालयले १२० घण्टाको वेल्डिङ र १२० घण्टाको कोरियन भाषाको तालीम सञ्चालन गर्ने गर्दछ। उक्त तालीमका सहभागीहरुको सीप मुल्यांकनको लागि कोरियाली विज्ञहरु शिक्षालयमै आउने गरेको शिक्षालयले जनाएको छ ।

# नेपाल व्यावसायिक योग्यता प्रणाली परियोजना

## श्रम रोजगार मेलामा संवाद कार्यक्रम

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले सात वटै प्रदेशमा आयोजना गरेको श्रमाधान रोजगार मेलामा व्यावसायिक योग्यता प्रणाली एवं पूर्व सिकाइको मान्यता विधिबाट सीप परीक्षण सम्बन्धी सचेतनामूलक जानकारी परियोजनाबाट उपलब्ध गराइएको थियो । उक्त रोजगार मेलामा सुदूरपश्चिम प्रदेश र बागमती प्रदेशमा प्राविधिक तथा व्यावसायिक शिक्षा र तालीम एवं रोजगारीको अवस्था लगायत श्रम बजारको लागि कार्यस्थलमा आधारित सिकाइ र सीप प्रमाणीकरण सम्बन्धी विविध संवाद तथा गोष्ठी कार्यक्रम सञ्चालन भएको थियो ।

सुदूरपश्चिम प्रदेशको धनगढीमा जेठ २७ गते मेलाको उद्घाटन पश्चात् कैलारी गाउँपालिका उपाध्यक्ष भगवती चौधरी, सामाजिक विकास मन्त्रालय, सुदूरपश्चिम प्रदेशका उपसचिव गणेश बहादुर सिंह, परिषद् सुदूरपश्चिम प्रदेश कार्यालयका निर्देशक कल्प कुमार बस्नेत, कैलाली उद्योग वाणिज्य संघ, धनगढीका उपाध्यक्ष पुष्कर ओझा, पूर्व सिकाइको मान्यता विधिबाट कन्स्ट्रक्सन मेसन लेभल-२ सीप परीक्षणका सहभागी र निर्माण डकर्मी संघ, कैलालीका अध्यक्ष ज्ञान बहादुर चौधरीको उपस्थितिमा कार्यस्थलमा आधारित सिकाइ र सीप प्रमाणीकरण सम्बन्धी संवाद कार्यक्रम आयोजना गरिएको थियो ।

सो कार्यक्रमका सहभागीहरूले विभिन्न माध्यमबाट सिकेका सीपको प्रमाणीकरण गरेमा सीपयुक्त जनशक्तिको आत्मविश्वास बढ्ने र यसले सम्मानजनक रोजगारी र वृत्ति विकासमा वृद्धि हुने धारणा राख्दै आ-आफ्नो क्षेत्रबाट सक्दो सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । सो अवसरमा कैलारी गाउँपालिका उपाध्यक्ष चौधरीले आफ्नो गाउँपालिकाबाट सीप भएका तर सीप प्रमाणीकरण नगरेका व्यक्तिहरूको सीप परीक्षणका लागि रु १० लाख बजेटको व्यवस्था गर्ने प्रतिबद्धता जनाउनु भएको थियो ।

त्यसैगरी बागमती प्रदेशको ललितपुरमा सञ्चालित श्रमाधान रोजगार मेलाको दोस्रो दिन गत जेठ ३० गते आयोजित श्रमाधान संवाद कार्यक्रममा राष्ट्रिय सीप परीक्षण समितिका निर्देशक टेक बहादुर मल्ल, लोकसेवा आयोगका सह-सचिव पुष्कर सापकोटा, नेपाल कृषि मेसिनरी व्यवसायी संघका उपाध्यक्ष एवं कृषि विधागत सीप उपसमितिका सदस्य सुनिता न्हेमाफुकी, पूर्व सिकाइ मान्यता (RPL) विधिबाट वेल्डर तह-२ को प्रमाणपत्र प्राप्त गरेकी गोमा न्यौपाने लगायतको उपस्थिति रहेको थियो ।

उक्त कार्यक्रममा वेल्डिङ सिकन गोमा न्यौपानेले गर्नु भएको सङ्घर्ष र सीपको प्रमाणीकरणका अनुभव सुनाउनु भएको थियो । कार्यक्रममा सुनिता न्हेमाफुकीले महिला वेल्डरको रूपमा न्यौपानेको साहस र आँटलाई सम्मान गर्दै रोजगारदाताको रूपमा सीप प्रमाणीकरणको थुप्रै फाइदाहरू देखेको बताउनु भयो । त्यसैगरी राष्ट्रिय सीप परीक्षण समितिका निर्देशक टेक बहादुर मल्लले सीप परीक्षण तथा सीप प्रमाणीकरण कार्यलाई अझ प्रभावकारी बनाउनका लागि राष्ट्रिय व्यावसायिक योग्यता प्रणाली अत्यावश्यक रहेकोले यसको कार्यान्वयन प्रक्रियाका बारेमा स्पष्ट पार्नुभयो । लोकसेवा आयोगका सह-सचिव पुष्कर सापकोटाले सीप प्रमाणीकृत भएका व्यक्तिहरूलाई लोकसेवामा प्रवेश गर्नका लागि आफूले सक्दो



पहल गर्ने प्रतिबद्धता जनाउनु भयो । दुबै सम्वाद कार्यक्रमको सहजीकरण नेपाल व्यावसायिक योग्यता प्रणाली परियोजनाका टिम लिडर सुवास सुवेदीले गर्नु भएको थियो ।

श्रमाधान रोजगार मेलामा कोशी प्रदेशको विराटनगरमा २४० जना, मधेश प्रदेशको जनकपुरमा ११९ जना, गण्डकी प्रदेशको पोखरामा १८० जना, लुम्बिनी प्रदेशको बुटवलमा ३०६ जना, कर्णाली प्रदेशको सुर्खेतमा २४४ जना, सुदूरपश्चिम प्रदेशको धनगढीमा ५६८ जना र बागमती प्रदेशको ललितपुरमा २३१ जनाले NVQS परियोजनाको स्टल अवलोकन गरी सीप परीक्षणका लागि इच्छुक रहेको बताउनु भएको थियो ।




# इन्स्योर परियोजना

दिगो तथा सम्मानित रोजगारीका लागि सीप (ENSSURE) परियोजनबाट व्यावसायिक तालीम अभिवृद्धि र यूवा रोजगारीका लागि सातै प्रदेशमा विविध कार्यक्रमहरू सञ्चालन भएका छन् । परियोजनाबाट सम्पादन भएका प्रमुख गतिविधि तथा उपलब्धीहरूको विवरण यस प्रकार रहेको छ ।

- ११३८ जना युवाहरु कार्यगत अभ्यास सहितको तालीम (Training with OJT) मा भर्ना भएका छन् । परियोजनाको दोस्रो चरणमा जम्मा १,९७४ ले OJT र २६४७ ले औद्योगिक प्रशिक्षार्थी तालीम सम्पन्न गरेका छन् ।
- ३१९ जना यूवाहरु सीप परीक्षणमा सहभागी भएका छन् ।



- कार्यस्थलको सिकाइमा आधारित औद्योगिक प्रशिक्षार्थी (अप्रेन्टिसिप) कार्यक्रमको लागि ४७३ वटा उद्योग, व्यावसायी रोजगारदाता कम्पनीहरु प्रत्यक्ष रूपमा सम्लग्न छन् भने परियोजनाको दोस्रो चरणमा ८४३ वटा कम्पनीहरू प्राविधिक तथा व्यावसायिक सीप विकास कार्यमा आबद्ध भइसकेका छन् ।
- उद्योग तथा कारखानामा कार्यरत ५३० जना कामदारहरुले सीप स्तरोन्नति तालीममा सहभागी भएका छन् । परियोजनाको दोस्रो चरणमा १,९२२ जना श्रमिकको सीप स्तरोन्नति भएको छ ।
- साधारण विद्यालयका कक्षा ९ र १० मा अध्ययनरत ११,६३५ जना विद्यार्थीहरूले वृत्ति परामर्श सत्रमा सहभागी भएका छन् । हालसम्म ३७,६८८ जना विद्यार्थीहरू वृत्ति परामर्श कार्यक्रमबाट लाभान्वित भईसकेका छन् ।
- दाङ र बुटवलमा प्रदेश TVET नीति २०८० का लागि प्रमुख सरोकारवालाहरूको प्रतिक्रिया सङ्कलन कार्यशाला आयोजना गर्न सामाजिक विकास मन्त्रालयलाई सहयोग प्रदान गरिएको छ ।
- लुम्बिनी प्रदेशमा परियोजना निर्देशक समिति (PSC) बैठक सम्पन्न भएको छ ।
- गण्डकी प्रदेश सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालयद्वारा आयोजित औद्योगिक प्रशिक्षार्थी कार्यक्रम सिकाइ साझेदारी कार्यशाला सम्पन्न भयो ।
- औद्योगिक प्रशिक्षार्थी कार्यक्रमको लागि गण्डकी प्रदेशमा प्राविधिक शिक्षालयको नक्साङ्कन सम्पन्न भएको छ ।
- कोशी, बागमती र लुम्बिनी प्रदेशमा आर्थिक वर्ष २०७९/८० को औद्योगिक प्रशिक्षार्थी ड्रपआउट विश्लेषण सम्बन्धी अध्ययन सम्पन्न भएको छ ।
- १३ प्राविधिक शिक्षालयहरूमा "हायर एन अप्रेन्टिसिप डे" कार्यक्रम र उद्योगमा प्लेसमेन्ट सम्पन्न भएको छ ।

## गुणस्तर सुधार एवं स्तरोन्नति

- बागमती प्रदेशद्वारा गुणस्तर सुधार योजना (QIP) कार्यशाला सम्पन्न भएको छ ।
- उद्योग संगठन मोरङ, कम्प्युटर एसोसिएशन नेपाल र उद्योग बाणिज्य संघलाई सीप स्तरोन्नती तालीम आयोजना गर्न सहयोग प्रदान गरिएको छ ।
- नेपालगन्ज चेम्बर अफ कमर्स एन्ड इण्डष्ट्रिज (NCCI) सँग सम्झौता भएको छ ।

- ग्लोकलद्वारा आयोजित स्किल सप्ताहमा होटल म्यानेजमेन्ट, सूचना प्रविधि र अटोमोबाइल क्षेत्रहरूका अप्रेन्टिसहरू बीच प्रतिस्पर्धा भई होटल म्यानेजमेन्टकी अप्रेन्टिसिप प्रशिक्षार्थी पुष्पा चौधरी **अप्रेन्टिसिप हिरो अवार्ड २०२४** बाट सम्मानित हुनुभएको छ ।




## वृत्ति परामर्श र अभिमुखीकरण

- वृत्ति परामर्श प्रदान गर्ने शिक्षकहरूको लागि कोशी र बागमतीमा ३-३ वटा र लुम्बिनीमा २ वटा गरी आठ वटा कार्यक्रम सञ्चालन गरियो ।
- त्रियुगा पालिका, साथै बागमती र लुम्बिनी प्रदेशका शिक्षा तालीम केन्द्रहरुमा ७ दिनको वृत्ति परामर्श शिक्षक प्रशिक्षण सम्पन्न भयो ।
- कोशी प्रदेश अन्तर्गतका १२ वटा पालिकामा वृत्ति परामर्श अभिमुखीकरण एवं प्रदेश भित्रका १०७ सामुदायिक विद्यालयहरू मध्ये १०३ वटामा द्विपक्षीय सम्झौता सम्पन्न भएको छ ।
- रामधुनी नगरपालिका र विराटनगर महानगरपालिकाले स्थानीय पाठ्यक्रममा वृत्ति परामर्श सामग्री समावेश गरेका छन् ।
- शिक्षा तालीम केन्द्र, इनरुवा, सुनसरीमा वृत्ति परामर्श सेवा केन्द्र स्थापना गरी दुई जना कर्मचारीको क्षमता विकास प्रशिक्षण सम्पन्न भएको छ ।
- कोशी प्रदेशको दुहबी नगरपालिकामा दुई दिने वृत्ति परामर्श र रोजगार मेला सम्पन्न भएको छ ।
- गण्डकी प्रदेश सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, र पोखरा महानगरपालिकाको संयुक्त आयोजनामा वृत्ति परामर्श र रोजगार मेला सम्पन्न भयो ।
- श्रमाधान रोजगार मेलामा वृत्ति परामर्श तथा रोजगारीका अवसरका लागि "कार्यस्थलमा आधारित प्रशिक्षण" विषयक प्यानल छलफल कार्यक्रम सम्पन्न भयो ।

# क्वालिटी परियोजना

प्राविधिक शिक्षालयहरूमा कार्यरत प्रशिक्षकहरूलाई प्रशिक्षण सीप (Instructional Skills, IS–1) प्रदान गर्ने गरी प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, क्वालिटी परियोजना, प्रदेश स्थित सामाजिक विकास तथा शिक्षा सम्बद्ध मन्त्रालय र प्राविधिक प्रशिक्षण प्रतिष्ठान (**TITI**) बिच त्रिपक्षीय सम्झौता सम्पन्न भएको छ । उक्त सम्झौता बमोजिम गण्डकी बाहेकका ६ वटै प्रदेशहरूमा २०-२० जना प्रशिक्षकहरूलाई प्रशिक्षण सीप तालीम सम्पन्न भएको छ। तालीमका सहभागीहरूको मनोनयन सम्बन्धित प्रदेशका सामाजिक विकास मन्त्रालयले गर्ने र प्रतिष्ठानले ३ हप्ते तालीम प्रदान गर्ने कार्यका लागि आर्थिक सहयोग परिषद् अन्तर्गतको क्वालिटी परियोजनाले तथा सहभागीहरूको दैनिक भ्रमण भत्ता तथा यातायात खर्च सम्बन्धित प्रदेशको सामाजिक विकास मन्त्रालयले व्यहोर्ने गरी भएको सम्झौता बमोजिम ६ वटा प्रदेशका ११८ जना प्रशिक्षकले प्रशिक्षण प्राप्त गरिसकेका छन् ।

नेपालमा दक्ष प्राविधिक जनशक्ति उत्पादनका लागि गुणस्तरीय प्रशिक्षकको आवश्यकता भएको र सो कार्यका लागि गुणस्तरीय प्रशिक्षण सीपबाट मात्र शिक्षण सिकाइ प्रक्रियामा सुधार हुने भएकाले प्रदेशगत रूपमा तालीम कार्यक्रम सञ्चालन गरिएको हो ।

युवाहरुका लागि गुणस्तरीय प्राविधिक तथा व्यावसायिक शिक्षा र तालीम (क्वालिटी) परियोजना, नेपाल सरकार र स्वीजरल्याण्ड सरकार बीचको द्विपक्षीय सम्झौताबाट सन् २०२२ मा स्थापना भएको हो । परियोजनाले नेपालमा प्राविधिक शिक्षाको गुणस्तर अभिवृद्धिका लागि प्राविधिक शिक्षालयको स्तर निर्धारण तथा प्रत्यायन, प्रशिक्षक प्रशिक्षण अनुमतिपत्र प्रदान गर्दछ। यसका साथै प्राविधिक तथा व्यावसायिक शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप निर्माण तथा प्राविधिक तथा व्यावसायिक शिक्षा र तालीमको दश वर्षे रणनीतिक योजनाको कार्यान्वयनमा सहजीकरण गर्नेछ । परियोजनालाई स्विस कन्ट्याक्टले प्राविधिक सहयोग प्रदान गर्दै आएको छ ।





# निर्मल लामा बहुप्राविधिक शिक्षालय

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्को आंगिक शिक्षालयको रुपमा महोत्तरी जिल्लाको बर्दिवास नगरपालिका वडा नं. ११ (साबिक खयरमारा गा. वि. स. वडा नं. ८) मा २०७५ साल मंसिर १ गते निर्मल लामा बहुप्राविधिक शिक्षालयको स्थापना भएको हो । श्री सरस्वती आधारभूत विद्यालयमा बिहानी सत्रमा सिभिल र जियोमेटिक्स इन्जिनियरिङबाट यस शिक्षालयमा तीन वर्षे डिप्लोमा तहको कार्यक्रम प्रारम्भ भएको हो । शैक्षिक सत्र २०७६/०७७ बाट फुड एण्ड डेरी टेक्नोलोजी, होटल म्यानेजमेन्ट र फरेष्ट्री थप गरी ५ वटा डिप्लोमा तहका कार्यक्रमहरुको पठन पाठन सुचारु भयो ।

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्को नाममा बर्दिवास नगरपालिका मार्फत १२ बिघा जमिन शिक्षालयलाई भोगचल गर्नेगरी हस्तान्तरण भयो । त्यसैगरी खयरमारा सिंचाइ जल उपभोक्ता संस्था खयरमाराका उपभोक्ता समूहबाट २०७६ साल असोज ६ गतेको निर्णयबाट २५ बिघा जग्गा निर्मल लामा बहुप्राविधिक शिक्षालयलाई हस्तान्तरण भयो। हाल यो शिक्षालय ३८ बिघा क्षेत्रफलमा जग्गामा फैलिएको छ। शिक्षालयको आफ्नै जग्गामा एउटा शैक्षिक भवन २०७७ मंसिर १६ मा निर्माण सम्पन्न भयो। सो भवनको तत्कालिन शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री एवं परिषद्का अध्यक्ष गिरीराजमणी पोखरेलबाट उद्घाटन भए पश्चात् आफ्नै भवनमा ५ वटा डिप्लोमा तहका कार्यक्रमहरु सञ्चालन भए । त्यसैगरी शिक्षालयको अर्को भवन २०७८/१२/२० गते पूर्व प्रधानमन्त्री श्री पुष्पकमल दाहाल प्रचण्डद्वारा समुद्घाटन भयो। शैक्षिक सत्र २०७७/०७८ मा स्वास्थ्य तर्फका फार्मेसी र डाइग्नोस्टिक रेडियोग्राफी कार्यक्रम थप गरी हाल डिप्लोमा तहका ७ वटा कार्यक्रमहरु यिनै दुई वटा शैक्षिक भवनबाट सञ्चालन भइरहेको छ।

कोरिया सरकार र नेपाल सरकार बीच मिति २०७९/०८/१२ मा शिक्षालयको शैक्षिक, प्रशासनिक भवन, प्रयोगशाला, मेसिनरी औजार तथा अन्य सम्पूर्ण सुविधा सहितको भवन कोरिया सरकारद्वारा निर्माण गरी साँचो हस्तान्तरण गर्ने परियोजना (टर्न की प्रोजेक्ट) अन्तर्गत आठ करोड छ लाख अमेरिकी डलर लागतमा २४ महिना भित्र निर्माण सम्पन्न गर्ने गरी सम्झौता भएको थियो । सो बमोजिम विस्तृत परियोजना प्रतिवेदन (डीपीआर) ड्रईङ डिजाइनको सम्पूर्ण कार्य सम्पन्न गरी २०८०/०५/२० गते पूर्व प्रधानमन्त्री श्री पुष्पकमल दाहाल प्रचण्डद्वारा शिलान्यास भएको थियो। सम्झौता बमोजिमका सम्पूर्ण निर्माण कार्य सम्पन्न भई मेसिन औजारको जडान कार्य भैरहेको र आगामी माघ भित्रै कोरिया सरकारबाट हस्तान्तरण गर्ने योजना रहेको छ।





निर्मल लामा बहुप्राविधिक शिक्षालयले न्यूनतम शुल्कमा गुणस्तरीय प्राविधिक शिक्षा प्रदान गर्ने गरी हाल सञ्चालित सातवटै डिप्लोमा तथा प्रमाणपत्र तहका कार्यक्रमहरुको तीन वर्षको शुल्क प्रति कार्यक्रम रू. ४५,०००/- निर्धारण गरेको छ। यस शिक्षालयमा सञ्चालित नियमित कार्यक्रमहरू बाहेक विशेष छात्रवृत्ति कार्यक्रम अन्तर्गत प्रि-डिप्लोमा इन सिभिल इन्जिनियरिङ, प्रि-डिप्लोमा इन फरेष्ट्री तथा औद्योगिक प्रशिक्षार्थी तालीम अन्तर्गत प्रि-डिप्लोमा इन होटल म्यानेजमेन्ट कार्यक्रमहरु पनि सञ्चालन भैरहेको छ ।

यसका साथै स्थानीय सरकारको आवश्यकता र माग बमोजिम छोटो अवधिका व्यावसायिक सीपमूलक तालीमहरु पनि सञ्चालन गर्ने गरिएको छ। हाल यस शिक्षालयमा देशभरीका २८ जिल्लाका ९५७ जना विद्यार्थीहरु अध्ययनरत छन् । शिक्षालयले अध्ययन पछि कार्यगत तालीम, औद्योगिक अभ्यास तथा रोजगारीको लागि विभिन्न संघ संस्थाहरुसँग सहकार्य गरी शैक्षिक गतिविधिलाई निरन्तरता दिइरहेको छ । शिक्षालयबाट डिप्लोमा तह उत्तीर्ण गरेकाहरू सम्बन्धित पेशामा सरकारी, गैर सरकारी, निजी क्षेत्रमा रोजगारीमा छन् भने केहीले आफ्नै व्यवसाय गरी स्वरोजगारीमा रहेको पाइन्छ। यस शिक्षालयमा ६० जना अनुभवी प्रशिक्षक तथा कर्मचारीहरू कार्यरत छन् ।

# कृषि जेटिए पढ्दाको अनुभव र अनुभूति

सबै पाठकहरुलाई नमस्कार । मेरो नाम पविता राई हो । मेरो घर माङसेबुङ गाउँपालिका २ इलाम (साविक इभाङ्ग गा.वि.स. ४) मा पर्छ । मैले श्री चिसापानी मा.वि. इलामबाट २०५३ सालमा एस.एल.सी. उत्तीर्ण गरेको हुँ । कुरा २०५० सालको हो, जतिबेला म कक्षा दशको टेष्ट परीक्षा दिएर एस.एल.सी. को तयारी गर्दै थिए । त्यही बेला उत्तरपानी प्राविधिक शिक्षालय, धनकुटामा कृषि जे.टि.ए. (टेक्निकल एस.एल.सी.) पढ्ने सूचना देखेर मेरी दिदीले फाराम भर्न लगाउनु भयो । मेरो घरबाट दिदी, भाइ र मैले फाराम भरेका थियौं तर मेरो मात्र नाम निस्कियो । त्यसको केही दिनमा दाइ र काकाको छोरी दिदीसँग उत्तरपानी प्राविधिक शिक्षालय धनकुटामा गएर भर्ना भएँ । घर छाडेर कतै नबसेको हुनाले मलाई धनकुटामा भर्ना गरेर उहाँहरूलाई घर फर्कन निकै असहज भएको थियो । शिक्षालय भित्रै राम्रो होस्टेलको व्यवस्था र साथीहरुसँग छिट्टै घुलमिल भएको देखेर उहाँहरू खुशी हुनुभयो र मलाई पनि होस्टेलमा बसेर पढ्न पाउँदा रमाइलो र सजिलो भयो ।

पहिलो वर्षमा संयुक्त कक्षाको पढाइ सकिए पछि दोस्रो वर्षमा बाली विज्ञान र पशु विज्ञान मध्ये एउटा छान्नु पर्ने रहेछ मैले बाली विज्ञान रोजें । दुई वर्ष पढाई सकिएपछि ५ महिने ओजेटी (कार्यगत तालीम) को लागि पाख्रीबास कृषि फर्ममा पशु र कृषि विषय मिलाएर हामी १० जना खटिएका थियौं । कृषि जेटिए पढ्दा पढ्दै मैले एस.एल.सी. पनि पास गरेको हुनाले उच्च शिक्षाको लागि इलाम स्थित महेन्द्ररत्न बहुमुखी क्याम्पासमा भर्ना भएँ । आई.ए. पढ्दा पढ्दै जागिर खाने इच्छा भयो र साथीहरु मार्फत नेपालगंज गएर एक गैर सरकारी संस्थामा दिएको अन्तर्वाताबाट म हुम्लाको लागि कृषि जेटिएमा छनौट भएँ । पहिलो प्रयासमा सजिलै जागिर पाएँ तर हाजिर हुन हुम्ला जान समस्या भयो । नेपालगंजबाट हुम्लाको लागि मैलै २०५४ साल फागुन ४ गते पुरै दिन र रातभरी समेत लाइन बसेर हवाइजहाजको टिकट लिएँ । टिकट हात परेको २१ दिन पछिमात्र उडान हुने भयो तर एक महिनासम्म नेपालगंज स्थित कर्णाली होटलमा बसेको र खाएको खर्च तिर्ने मसँग पैसा थिएन । घरबाट मगाएर तिर्न पनि सम्भव भएन । मेरो समस्या होटलकी साहुनी लामा दिदीलाई सुनाएँ, दिदी म बेखर्ची भएँ, तपाईलाई तिर्ने पैसा छैन, मेरो पहिलो तलब बुझेपछि म तपाईलाई पैसा पठाई दिन्छु भनेर अनुरोध गरें । धन्न, मलाई विश्वास गरी हुन्छ नि त भन्नु भएपछि म पहिलो जागिरका लागि प्लेन चढेर घरदेखि धेरै टाढा हुम्ला उड्न पाएँ । जहाज चढेको पहिलो अनुभव त्यसमाथि हुम्ला एयरपोर्टमा ओर्लदा चारैतिर किन नुन छरेको होला भनेर सोधेको त सबैजना गलल्ल हास्न थाले । नयाँ ठाँउमा मैले के गलत भने कि जस्तो लागेको थियो तर त्यो त नुन छरेको नभई हिउँ जमेको पो रहेछ ।



हुम्लाको हावापानी, संस्कार, भेषभुषा, भाषा, खानपान सबै मेरा लागि नौलो थियो । छुवाछुत र छाउपडी प्रथा त अहिले संझदा पनि डर लाग्छ । हुम्ला आएको दुई महिनापछि बल्ल तलब पाइयो र त्यो तलब कर्णाली होटलको दिदीलाई पठाई दिएँ । ३ वर्ष हुम्लाको बसाइ कष्टकर र संघर्षमै बित्यो । आफूले पढेको सीपको प्रयोग गर्ने र नयाँ कुराहरू पनि सिक्ने अवसर मिल्यो । अफिसमा सबै भन्दा कम उमेरकी भएकोले सर, मेमहरुले यो उमेर जागीर खाने होइन पढ्ने उमेर हो भन्नुहुन्थ्यो । एक दिन कोलेनिकाको सरले जेटीए मात्रै पास गरेर हुन्छ, जेटी पढ्नु पर्दैन भनेर सम्झाउनु भयो । उहाँको सल्लाह ठिकै लाग्यो र थप अध्ययन गर्ने विचार गरी हुम्लाको जागिर छोडेर सिटिईभिटीको लहान प्राविधिक शिक्षालयमा भर्ना भएँ ।

लहानबाट एक वर्ष जेटी कोर्ष सकेर घरमा आमा, बुवासँग बाटो खर्च मागेर काठमाण्डौ आएँ । काठमाण्डौमा केही समय ज्योति मसलामा काम गर्न थालें । त्यसैबेला एउटा गैर सरकारी संस्थामा जेटी मागेको रहेछ र फाराम भरें । नाम पनि निस्कियो । रामेछाप र इलाममा गएर पीआरए (सहभागितामूलक ग्रामीण लेखाजोखा) गर्नुपर्ने थियो । मैले इलाम फिक्कलको सोसियल म्याप बनाएको थिएँ । त्यस संस्थामा मैले छोटो समयको लागि मात्र काम गरेको थिएँ । हुम्लाको बसाइले उच्च शिक्षा पढ्नै पर्ने रहेछ भन्ने ज्ञानले २०६१ सालमा रत्नराज्य क्याम्पस, काठमाण्डौंमा स्नातक तहमा भर्ना भई सामाजिक शास्त्र पढ्न थालें । सामाजिक नक्शा बनाएर पेश गरेको अफिसबाट एक दिन फोन आयो र मैले बनाएको नक्शा उत्कृष्ट भएको र त्यस्तै कामका लागि एक हप्ताभित्र चीन जाने प्रस्ताव आयो । मैले सहर्ष स्वीकार गरें । मैले उत्तरपानीमा पढेको जेटिए कोर्षको महत्व बुझें, जसले गर्दा मलाई विदेश जाने अवसर समेत मिल्यो । अन्तर्वार्ता दिएको ११ दिनपछि चीन जाने भइयो । तातोपानीको बाटो बिग्रेको कारण हुम्लाबाट जानुपर्ने भयो । काठमाण्डौबाट नेपालगन्ज, हुम्ला हुँदै हिडेर तीन दिनमा हिल्सा पुगियो । त्यसको चार दिनमा सेरा पुगियो र सेराबाट ताक्लाकोट हुँदै मानसरोवर कैलाश पर्वत पुगियो । त्यहाँ पुगेपछि थाहा भयो कि खानको लागि बाँच्ने होइन रहेछ, बाँच्नको लागि पो खानुपर्ने रहेछ, जे भेटियो त्यही खानुपर्ने । भेजिटेरियनलाई त झनै गाऱ्हो किन कि



मासु बिनाको परिकार केही पनि नपाइने रहेछ । भाषा केही पनि नबुझिने, सांकेतिकमा कुराकानी गर्नु पर्ने । ८ महिना पछि घरमा आउँदाको पीडा अर्कै छ, आमाले संसार नै छोडिसक्नु भएको रहेछ । आमाको अन्तिम अवस्थामा पनि भेट्न पाइन भनेर मलाई चीन गएकोमा साह्रै नै पछुतो भयो अनि म एक वर्षसम्म कतै नगई घरको काम सम्हालें । त्यसपछि फेरि विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी संघसंस्था तथा परियोजनाहरूमा रहेर विभिन्न स्थानमा कृषि सम्बन्धी काम गर्ने अवसर र अनुभव प्राप्त भयो ।

विभिन्न क्षेत्रमा जागिरको अनुभव गर्दै निजामती सेवामा प्रवेश गर्ने रहर लाग्यो र २०६८ सालमा लोक सेवा आयोगबाट प्राविधिक सहायक (राजपत्र अनंकित द्वितीय) पदमा सफल भई नवलरपरासी जिल्ला कृषि विकास कार्यालयमा सिफारिस भएँ । त्यहाँबाट परासीको वनजरीय कृषि सेवा केन्द्रको प्रमुख भएर काम गरें । त्यहाँ भोजपुरी भाषा मात्र बोल्ने समुदाय भएकोले स्थानीय भाषा बुझ्नलाई तीन चार महिना नै लाग्यो, त्यसपछि त काम गर्न सजिलै भयो । कृषि तथा पशुपन्छी विकास मन्त्रालयको निर्णय अनुसार २०७२ सालमा काठमाण्डौं विश्वविद्यालयबाट सञ्चालित चार वर्षे ब्याचलर इन टेक्निकल एजुकेसन इन एग्रिकल्चर (B.Tech.Ed. in Agriculture) कार्यक्रममा अध्ययन गर्ने अवसर पाएँ । फेरी २०७३ सालमै प्राविधिक सहायक (सहायक प्रथम) पदमा खुल्लाबाट लोक सेवा पास भएँ र रामेछाप जिल्ला कृषि विकास कार्यालयमा सिफारिस भएकोमा अध्ययनरत भएकोले दुई दिन मात्र हाजिर गरेर अध्ययनलाई निरन्तरता दिन पाएँ । अध्ययन विदा पश्चात् २०७७ साल वैशाख ६ गतेबाट दक्षिणकाली नगरपालिकाको कृषि शाखा प्रमुखको जिम्मेवारीमा खटिएर




कामकाज गर्दै थिएँ । यसै क्रममा २०७९ श्रावण १ मा सहायक कृषि प्रसार अधिकृतमा मेरो तह वृद्धि भयो । तत्पश्चात् म यस पालिकामा कृषि शाखा प्रमुखको रुपमा निरन्तर कार्यरत छु ।

जीवनमा जति उतार चढाव आएपनि धैर्यताका साथ काम गर्दै अघि बढेमा कर्मको फल अवश्य पाइन्छ । मेहनत र लगनशीलताले गर्दा आफ्नो लक्ष्य र उद्देश्य प्राप्त गर्न सकिन्छ । एसईई दिएर बसेका भाइ, बहिनीहरुलाई म के भन्न चाहन्छु भने आजको आवश्यकता भनेको प्राविधिक शिक्षा नै हो । प्राविधिक शिक्षामा जुन विषय पढे पनि लगनशील भएर पढ्नुहोस् । यसबाट हाम्रो देशलाई चाहिने जनशक्ति उत्पादन भई स्वदेश तथा विदेशमा रोजगार प्राप्त गर्न वा स्वरोजगार भई आफ्नो परिवार र देशको आर्थिक विकासमा मद्दत गर्न सकिन्छ । अन्त्यमा, मेरो जीवनको अनुभव सुनाउने अवसर दिनु भएकोमा परिषद्को सूचना तथा अनुसन्धान महाशाखालाई धेरै धेरै धन्यवाद दिन चाहन्छु ।

# आर्थिक वर्ष २०८०/०८१ मा अनिवार्य अवकाश हुने कर्मचारीको विवरण

| क्र.सं. | नाम | अवकाश हुँदाको पद | अवकाश मिति |
|---|---|---|---|
| १ | श्री दल बहादुर लिम्बु (मगर) | कार्यालय सहयोगी | २०८०-०४-०२ |
| २ | श्री जीव नारायण काफ्ले | सदस्य-सचिव | २०८०-०४-०५ |
| ३ | श्री तुलसी कार्की | कार्यालय सहयोगी | २०८०-०४-०८ |
| ४ | श्री राजेन्द्र चौधरी | वरिष्ठ कृषि प्रशिक्षक (बाली विज्ञान) | २०८०-०४-०९ |
| ५ | श्री लाल बहादुर बस्नेत | मेकानिकल प्रशिक्षक | २०८०-०४-१० |
| ६ | श्री चित्र बहादुर के.सी. | कार्यालय सहयोगी | २०८०-०४-१८ |
| ७ | श्री कलाधर गैह्रे | मुख्य प्रशिक्षक | २०८०-०५-०३ |
| ८ | श्री श्यामकिशोर लालकर्ण | प्रशासकीय अधिकृत | २०८०-०५-०४ |
| ९ | श्री उमेश भुजेल | लेखापाल | २०८०-०५-१८ |
| १० | श्री दान बहादुर ठकुरी | कृषि प्रशिक्षक (बाली बिज्ञान) | २०८०-०६-०२ |
| ११ | श्री केशव पोखरेल | वरिष्ठ मेकानिकल प्रशिक्षक | २०८०-०६-२२ |
| १२ | श्री राम देव साह | कार्यालय सहयोगी | २०८०-०६-२५ |
| १३ | श्री बालमुकुन्द महर्जन | वरिष्ठ प्राविधिक अधिकृत | २०८०-०७-२० |
| १४ | श्री मिष्टरकान्त मैनाली | मुख्य प्रशिक्षक | २०८०-०७-२१ |
| १५ | श्री दुर्गा देवी रानामगर | कार्यालय सहयोगी | २०८०-०८-१० |
| १६ | श्री देवकी घिमिरे | कार्यालय सहयोगी | २०८०-०८-१३ |
| १७ | श्री वीर बहादुर वि.क. | मेकानिकल प्रशिक्षक | २०८०-०८-१५ |
| १८ | श्री गुणानन्द झा | वरिष्ठ निर्माण प्रशिक्षक | २०८०-०९-०२ |
| १९ | श्री अजय कुमार सिंह | वरिष्ठ अटोमोबाइल प्रशिक्षक | २०८०-०९-२२ |
| २० | श्री राम कुमार डंगोल | प्रशासकीय अधिकृत | २०८०-१०-०७ |
| २१ | श्री गोपाल श्रेष्ठ | सवारी चालक | २०८०-१०-१० |
| २२ | श्री दुलीचन्द्र चौधरी | कृषि प्रशिक्षक | २०८०-१०-१३ |
| २३ | श्री तुल्सी बहादुर के.सी. | वरिष्ठ सीप परीक्षण अधिकृत | २०८०-१०-२५ |
| २४ | श्री उमा श्रेष्ठ | वरिष्ठ विद्युत प्रशिक्षक | २०८०-११-१० |
| २५ | श्री बिल बहादुर बि.क. | कृषि सहायक प्रशिक्षक | २०८०-११-१६ |
| २६ | श्री विनोद कुमार बानियाँ | वरिष्ठ सीप परीक्षण अधिकृत | २०८०-१२-१४ |
| २७ | श्री दयाराम लामिछाने | कार्यालय सहयोगी | २०८०-१२-२७ |
| २८ | श्री देव बहादुर जिरेल | कार्यालय सहयोगी | २०८१-०१-०१ |
| २९ | श्री लक्ष्मण फुँयाल | प्रशासकीय अधिकृत | २०८१-०१-०२ |
| ३० | श्री टीकादत्त भट्ट | प्रशासकीय अधिकृत | २०८१-०१-२१ |
| ३१ | श्री देवेशचन्द्र देवकोटा | मुख्य प्रशिक्षक | २०८१-०२-११ |
| ३२ | श्री प्रमिला मालाकार | वरिष्ठ ट्रेनर | २०८१-०२-१६ |
| ३३ | श्री दीपक प्रसाद पौडेल | मुख्य प्रशिक्षक | २०८१-०२-२६ |
| ३४ | श्री लक्ष्मण कवाँ | वरिष्ठ प्राविधिक अधिकृत | २०८१-०३-०७ |
| ३५ | श्री दिपक पोडे | कार्यालय सहयोगी | २०८१-०३-१४ |

# फोटो फिचर












NLPI- 077/78


निर्मल लामा बहुप्राविधिक शिक्षालय
नि: शुल्क स्वास्थ्य शिविर


स्वागतम
भेरी प्राविधिक शिक्षालय
स्वास्थ्य शिविर कार्यक्रम
भेरी प्राविधिक शिक्षालय

# फोटो फिचर













